मिति : २०७९/०८/२५ (आइतवार) स्थान : पोखरा महानगरपालिका सभाहल

बैठक संख्या : नवौं समय : दिनको ३ : ०० बजे ।

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्युको अध्यक्षतामा यस महानगरपालिका नगर कार्यपालिकाको नवौं कार्यपालिका बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

| क.सं. | | पदाधिकारीहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री धनराज आचार्य | प्रमुख | |
| २ | उपाध्यक्ष | श्री मञ्जुदेवी गुरुङ्ग | उप प्रमुख | |
| ३ | सचिव | श्री वीरेन्द्रदेव भारती | प्र.प्र.अ. | |
| ४ | सदस्य | श्री शाहारा प्रधान | अध्यक्ष वडा नं.१ | |
| ५ | सदस्य | श्री दिवस प्रधानाङ्ग | अध्यक्ष वडा नं.२ | |
| ६ | सदस्य | श्री प्रकाशभान उदास | अध्यक्ष वडा नं.३ | |
| ७ | सदस्य | श्री देव कृष्ण पराजुली | अध्यक्ष वडा नं.४ | |
| ८ | सदस्य | श्री विष्णु प्रसाद बराल | अध्यक्ष वडा नं.५ | |
| ९ | सदस्य | श्री विष्णु बहादुर भट्टराई | अध्यक्ष वडा नं.६ | |
| १० | सदस्य | श्री राममोहन आचार्य | अध्यक्ष वडा नं.७ | |
| ११ | सदस्य | श्री रुद्रनाथ बराल | अध्यक्ष वडा नं.८ | |
| १२ | सदस्य | श्री दिपेन्द्र मर्सानी | अध्यक्ष वडा नं.९ | |
| १३ | सदस्य | श्री राजेश गुरुङ्ग | अध्यक्ष वडा नं.१० | |
| १४ | सदस्य | श्री प्रेम प्रसाद कर्माचार्य | अध्यक्ष वडा नं.११ | |
| १५ | सदस्य | श्री सन्तोष बास्तोला | अध्यक्ष वडा नं.१२ | |
| १६ | सदस्य | श्री किरण बराल | अध्यक्ष वडा नं.१३ | |
| १७ | सदस्य | श्री बोध बहादुर कार्की | अध्यक्ष वडा नं.१४ | |
| १८ | सदस्य | श्री तोरण बहादुर बानिया | अध्यक्ष वडा नं.१५ | |
| १९ | सदस्य | श्री अमृत शर्मा तिमिल्सीना | अध्यक्ष वडा नं.१६ | |
| २० | सदस्य | श्री राधिका कुमारी शाही | अध्यक्ष वडा नं.१७ | |

| | | | | |
|---|---|---|---|---|
| २१ | सदस्य | श्री शिव प्रसाद तिमिल्सीना | अध्यक्ष वडा नं.१८ | |
| २२ | सदस्य | श्री पुष्पेन्द्र पाण्डे | अध्यक्ष वडा नं.१९ | |
| २३ | सदस्य | श्री गंगा बहादुर खत्री | अध्यक्ष वडा नं.२० | |
| २४ | सदस्य | श्री दिपक प्रसाद सुवेदी | अध्यक्ष वडा नं.२१ | |
| २५ | सदस्य | श्री हिमलाल बराल | अध्यक्ष वडा नं.२२ | |
| २६ | सदस्य | श्री रामकाजी गुरुङ्ग | अध्यक्ष वडा नं.२३ | |
| २७ | सदस्य | श्री भरत बहादुर अधिकारी | अध्यक्ष वडा नं.२४ | |
| २८ | सदस्य | श्री मोतिराज तिमिल्सीना | अध्यक्ष वडा नं.२५ | |
| २९ | सदस्य | श्री नरेन्द्र थापा | अध्यक्ष वडा नं.२६ | |
| ३० | सदस्य | श्री पूर्ण कुमार गुरुङ्ग | अध्यक्ष वडा नं.२७ | |
| ३१ | सदस्य | श्री श्रीकृष्ण लामिछाने | अध्यक्ष वडा नं.२८ | |
| ३२ | सदस्य | श्री श्रीप्रसाद गुरुङ्ग | अध्यक्ष वडा नं.२९ | |
| ३३ | सदस्य | श्री दुर्गा प्रसाद सुवेदी | अध्यक्ष वडा नं.३० | |
| ३४ | सदस्य | श्री ढकनाथ कडेल | अध्यक्ष वडा नं.३१ | |
| ३५ | सदस्य | श्री अक्कल बहादुर कार्की | अध्यक्ष वडा नं.३२ | |
| ३६ | सदस्य | श्री रामचन्द्र अधिकारी | अध्यक्ष वडा नं.३३ | |
| ३७ | सदस्य | श्री दिपक घिमिरे | कार्यपालिका सदस्य | |
| ३८ | सदस्य | श्री हरिमाया बिश्वकर्मा | कार्यपालिका सदस्य | |
| ३९ | सदस्य | श्री गोविन्द तुलाचन | कार्यपालिका सदस्य | |
| ४० | सदस्य | श्री मन्दिरा परियार | कार्यपालिका सदस्य | |
| ४१ | सदस्य | श्री धन कुमारी पोखेल | कार्यपालिका सदस्य | |
| ४२ | सदस्य | श्री निर्मल दियाली | कार्यपालिका सदस्य | |
| ४३ | सदस्य | श्री निर्मला पौडेल | कार्यपालिका सदस्य | |
| ४४ | सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | कार्यपालिका सदस्य | |
| ४५ | | श्री जीतेन्द्र जंग के.सी. | सहायक प्रमुख प्रशासकीय अधिकृत | |
| ४६ | | श्री किरण प्रसाद कोइराला | वरिष्ठ प्रशासकीय अधिकृत आठौंतह | |

# पोखरा महानगरपालिका

न्यूरोड, पोखरा

कार्यपालिकाको नवौ बैठकको प्रस्तावहरु :

१. मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयनको लागि बजेट व्यवस्था सम्बन्धमा ।
२. बहुवर्षिय खरिद प्रक्रिया सम्बन्धमा ।
३. स्वास्थ्य संस्था सचालन तथा व्यवस्थापन समिति गठन कार्यविधि, २०७९ सम्बन्धमा ।
४. विधालय नर्स कार्यक्रम संचालन कार्यविधि, २०७९ सम्बन्धमा ।
५. वार्षिक कार्यक्रम सञ्चालन निर्देशिका, २०७९ सम्बन्धमा ।
६. परामर्श सेवा सम्बन्धी नर्म्स स्वीकृति सम्बन्धमा ।
७. महानगरपालिका र वडा कार्यालय भवनको नक्शा पास गर्ने सम्बन्धमा ।
८. मनसुनजन्य विपदमा आवास पुनर्निर्माणको लागि जिल्ला विपद समितिमा सिफारिस गर्ने सम्बन्धमा
९. वेष्ट मेनेजमेण्ट रिसाईक्लिङ्ग प्रा.लि. लाई सरसफाई शुल्क फिर्ता भुक्तानी सम्बन्धमा ।
१०. खेलकुद पुरस्कार सम्बन्धमा ।
११. शहरी स्वास्थ्य केन्द्र वडा नं. १५ को सेवा विस्तार सम्बन्धमा ।
१२. "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धमा ।
१३. लक्ष्मी मा.वि. घैटेखोर सडक निर्माणको गत आ.व. को भुक्तानी दिन बाँकी रु. ४१९९७४/- भुक्तानी दिने सम्बन्धमा (उपभोक्ताबाट भुक्तानी पाउने रकम राजश्व खातामा जम्मा भएकाले भुक्तानी हुन बाँकी)
१४. सुईखेत खोला घाट संचालन सम्बन्धमा
१५. वडा नं. १६ को श्री ज्ञानज्योती माध्यामिक विधालयको भवन निर्माण गर्न भारतिय दुतावासबाट प्राप्त हुने सहयोग रकमको २० प्रतिशत रकम स्थानीय तहले साझेदारी सुनिश्चीत गर्ने सम्बन्धमा ।
१६. वडानं. १४ ल्याण्डफिलको एकमुष्ठ बजेट बाँडफाँड सम्बन्धमा ।
१७. नेपाल खानेपानी संस्थानलाई बोरिंग राख्न जग्गा उपलब्ध गराउने सम्बन्धमा ।
१८. चित्र कुमारी मरहट्टाको घरनक्शा मापदण्ड सम्बन्धी ।
१९. पोखरा महानगरपालिका कर्मचारी ऐन बमोजिम स्तर बृद्धि भएका कर्मचारी सम्बन्धमा ।
२०. नविकरणीय उर्जा प्रविधि कार्यक्रममा अनुदान सम्बन्धमा ।
२१. दुग्ध विकास संस्थानको उद्योग स्थापनाको लागि जग्गा उपलब्ध गर्ने सम्बन्धमा ।
२२. सामुदायीक विधालयको लागि लागत साझेदारीमा बस खरिद गर्न रकम व्यवस्था सम्बन्धमा ।
२३. वडा नं १३ र २६ जोड्ने भौरी खेत झोलुंगे पुल पक्कीपुल नजिकैको झोलुंगे पुल हटाउने सम्बन्धमा ।
२४. विविध

कार्यपालिकाको नबौं बैठकका निर्णयहरु (२०७९/०[illegible]/२५)

निर्णय नं.१ :- मुख्यमन्त्री नवप्रवर्तन साभेदारी कार्यक्रममा पोखरा महानगरपालिकाले लागत सहभागितामा परियोजना संचालन गर्नको लागि परियोजनाको लागतको ३५ प्रतिशत व्यहोर्नु पर्ने भएको र महानगरपालिकाले प्रस्ताव गरेको परियोजनाले सो को लागि चालु आ.व. मा विनियोजित बजेट उपशीर्षक ८०४३९२०११०२ को बजेट खर्च शीर्षक २२५२२ मा विनियोजन भएको रकम रु. १,००,००,०००/- बाट खर्च गर्ने ।

निर्णय नं. २ :- चालु आ.व. मा स्वीकृत भै रकम विनियोजन भएका देहाय बमोजिमका योजनाहरु विनियोजित बजेट तथा समयको कारण चालु आ.व. मा सम्पन्न हुन नसक्ने भएकाले नपुग रकम आगामी आ.व. मा स्रोत सुनिश्चित गर्ने बहुवर्षिय खरिद प्रक्रिया अघि बढाउने ।

| सि. नं. | योजनाको नाम | लगत अअनुमान | चालु आ.व. विनियोजन | नपुग रकम |
|---|---|---|---|---|
| १ | हाडीखोला पुल निर्माण -२३ | ३,४८,०६,०५१/६८ | १६५००००० /- | |
| २ | खुदीखोला पुल निर्माण-३०,३२ | २९५७५४६०/०८ | ७०,००००० /- | |
| ३ | खुदीखोला पुल निर्माण ख, ३०,३२ | | १,१४,००००० /- | |
| ४ | खहरे पुल निर्माण १५ | | ६२,००००० /- | |
| ५ | वडा नं. ५ र ८ जोड्नेपुल | | २,००,००,००० /- | |
| ६ | खुइते खोला पुल १९ | | ६०,००००० /- | |
| ७ | लामाचौर माछापुच्छ्रे सडक स्तरोन्नती १९ | | ४,००,००,००० /- | |
| ८ | ठुलो मजुवा पुल १५ | | ६३,००००० /- | |
| ९ | शहरी स्वास्थ्य केन्द्र १७ को भवन तला थप | ९६७३८६८/- | ४०,००००० /- | |
| १० | शहरी स्वास्थ्य भवन २४ | | | |
| ११ | लामगादी पुडीटार बाटो कालापत्रे ३३ | १३,४७,८१,६६३/८४ | १,७८००००० /- | ११,६९,८१,६६३/८४ |
| १२ | वडा नं. १७ को कार्यालय भवन निर्माण ( कित्ता नं. ३५ क्षे फ. २१-५-२-२ मध्येबाट ५ रोपनी) | | | |
| १३ | दमोदर खोला नमुना टोल तितेपानी मलपानी नियन्त्रण १७ | २१२७९५८६.६५ | ५०,२०, ००० /- | |
| १४ | डेभिड्सफल पावरहाउस महतगौंडा | २४४८८३६३.६३ | ७५००००० /- | |

| | | | | |
|---|---|---|---|---|
| | सडक १७ | | | |
| १५ | अंकुना चिलिम डांडा सिमल चौर गुन्टेचौर फुस्रेखोला देउराली सुइखेत कनेटिङ्ग बाटो | | ७५०००००/- | |

निर्णय नं. ३:- पोखरा महानगरपालिकाका सम्पुर्ण स्वास्थ्य संस्था सुव्यवस्थित तरिकाले संचालन गर्न कार्यविधि आवश्यक भए बमोजिम स्वास्थ्य महाशाखाबाट प्रस्ताव भएको **स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति गठन कार्यविधि, २०७९** स्वीकृत गर्ने निर्णय भयो । कार्यविधि अनुसूची - १ मा संलग्न छ ।

निर्णय नं. ४:- पोखरा महानगरपालिकाका भित्रका सामुदायीक विधालयहरुमा अध्ययन गर्ने विधार्थी तथा शिक्षक कर्मचारीको स्वास्थ्य अवस्थाको नियमित परीक्षण तथा स्वास्थ्य परामर्श सेवा उपलव्ध गराउने महानगरपालिको नीति अनुरुप प्रत्येक विधालयमा एक जना नर्स भर्ना गरि कार्य गराउन कार्यविधि आवश्यक भएकाले स्वास्थ्य महाशाखा बाट पेश भएको **विधालय नर्स कार्यक्रम संचालन कार्यविधि, २०७९** छलफल पछि स्वीकृत भयो । कार्यविधि अनुसूची - २ मा संलग्न छ ।

निर्णय नं. ५ :- महानगरपालिकाले आफ्नो मौजुदा जनशक्तिबाट सम्पादन नहुने काम परामर्श सेवाबाट गराउनुपर्ने भएको र सो को लागि कार्यविधि नभएकाले प्रत्येक पटक फरक फरक नर्म्स प्रस्तुत हुने भएको हुँदा एकरुपता कायम गर्न अवश्यक भएकाले प्रस्तुत महानगरपालिकाको परामर्श **सेवा सम्बन्धी नर्म्स** स्वीकृति छलफल पछि स्वीकृत गर्ने निर्णय गरियो । नर्म्स अनुसूची-३ मा संलग्न छ ।

निर्णय नं. ६:- महानगरपालिकाले पछिल्लो अवधिमा निर्माण गरेका देहाय बमोजिमका भवनको नक्शा पास गर्न लाग्ने राजश्व दस्तुर छुट दिने र सबै भवनको नक्शा स्वीकृत गराई अभिलेख दुरुस्त राख्ने व्यवस्था मिलाउने । वडा नं. ५, ८, १८, २६, २७, ३१, को वडा कार्यालय भवन र गण्डकी बहुप्राविधिक शिक्षालयको भवन

निर्णय नं. ७:- आ. व. २०७८/०७९ र २०७९/०८० को मनसुनजन्य विपदमा परि आवास पुर्ण र आंशिक क्षती भएका देहाय बमोजिमका व्यक्तिहरुको विवरण मनसुनजन्य विपदबाट क्षती भएका व्यक्तीहरुको आवास पुनर्निर्माण गर्न आवश्यक भएकाले आवास पुननिर्माण तथा पुनर्स्थापना कार्यविधि, २०७७ बमोजिम आवास पुनर्निर्माण गर्न सुविधा उपलव्ध हुने गरि जिल्ला विपद व्यवस्थापन समितिमा सिफारिस गर्ने ।

| २०७९/०८० मा निजी आवास पूर्ण क्षेती भएकाको विवरण | | | | |
|---|---|---|---|---|
| क्र. सं. | वडा नं. | नामथर | क्षतीको विवरण | सिफारिस |
| १ | २६ | हरिमाया रानाभाट | अविरल बर्षाले घर क्षती | पुन निर्माण |

| | | | | |
|---|---|---|---|---|
| २ | 33 | रन्जन शाही | 2079.5.15 को अविरल बर्षाले घर क्षती | प्रवलीकरण |
| ३ | २० | शिवदत्त बास्तोला | अविरल बर्षाले घर क्षती | पुन निर्माण |
| ४ | १६ | राम बहादुर मगर | अविरल बर्षाले घर पुर्ण क्षती | पुन निर्माण |
| ५ | १६ | गंगा बहादुर वि.क. | अविरल वर्षाले घर पुर्ण क्षती | पुन निर्माण |
| ६ | १७ | सुनिता राना मगर | अविरल बर्षाले घर पुर्ण क्षती | पुन निर्माण |
| ७ | २२ | कुमार वि. क. | अविरल बर्षाले घर पुर्ण क्षती | पुन निर्माण |
| ८ | ३१ | सरस्वती भण्डारी तिवारी | मिति २०७९/०५/१५ गते परेको अविरल वर्षाको कारण आवास पुर्ण क्षती | पुन निर्माण |
| ९ | १९ | रेशमलाल गौतम | अविरल बर्षाले घर पुर्ण क्षती | पुन निर्माण |

निर्णय नं. ८:- पोखरा महानगरपालिका संग साझेदारीमा पोखरा को फोहोर व्यवस्थापनमा काम गर्दै आएका कम्पनीहरु मध्ये वेष्ट मेनेजमेण्ट रिसाईक्लिङ्ग प्रा.लि.ले जिम्मा पाएको १४ नं वडामा मिति २०७७ श्रावण देखि नै स्थानीयले लेण्डफिल प्रभावित क्षेत्रले सरसफाई शुल्क तिर्न नपर्ने भनि अटेर गरि शुल्क नबुझाए उक्त कम्पनीले पनि सेवा सुचारु गरेको तर रकम संकलन नगरेको विषयमा राजश्व परामर्श समितिको मिति २०७९/०६/०९ को बैठकले २०७७ श्रावण देखि २०७९ असोज मसान्त सम्म निजले संकलन नगरेको कम्पनीलाई शुल्क बापतको रकम रु. ३०,७६,१३५/- फिर्ता भुक्तानी पाउने भनि सिफारिस गरेकाले निज कम्पनीले महानगरपालिकालाई बुझाउनु पर्ने रकम निजले पाउने रकमबाट कट्टी गरि बाँकी रकम चालु आ.व. को निर्दिष्ट बजेट खर्च शीर्षकबाट रकमान्तर गरि भुक्तानी गर्ने ।

निर्णय नं ९:- (१) महानगरपालिकाको आयोजनामा संचालिन हुने बिभिन्न खेलकुद प्रतियोगिताहरुमा पुरस्कृत हुने खेलाडीहरुलाई निम्नानुसारको अधिकतम पुरस्कार दिन सकिने छ ।

महानगरपालिकाको स्वीकृत कार्यक्रम अनुसार संचालन हुने खेलकुद तर्फ

क. एकल खेलकुदतर्फ

प्रथम पुरुस्कार रु. ३० हजार
द्वितीय पुरस्कार रु. २० हजार
तृतीय पुरस्कार रु. १० हजार
सान्त्वना पुरुस्कार रु. ५ हजार
उत्कृष्ट खेलाडी रु. १५ हजार

ख) समूह खेलकुदतर्फ

प्रथम पुरस्कार- रु. ६० हजार
द्वितीय पुरस्कार- रु. ५० हजार
तृतीय पुरस्कार- रु. ३० हजार
सान्त्वना पुरुस्कार- रु. १० हजार

वडा कार्यालयको स्वीकृत कार्यक्रम अनुसार संचालन हुने खेलकुद तर्फ

क) एकल खेलकुदतर्फ

प्रथम पुरुकार रु. २० हजार
द्वितीय पुरस्कार रु. १५ हजार
तृतीय पुरस्कार रु. १० हजार
सान्त्वना पुरुस्कार रु. ३ हजार

ख) समूह खेलकुदतर्फ

प्रथम पुरस्कार- रु. ४० हजार
द्वितीय पुरस्कार- रु. ३० हजार
तृतीय पुरस्कार- रु. २० हजार
सान्त्वनापुरुस्कार-रु. ५ हजार

निर्णय नं. १० :- वडा नं. १५ मा अहिले रहेको शहरी स्वास्थ्य केन्द्र बाट स्वास्थ्य सेवा लिन वन्चित भएका वडाका बासिन्दालाई सहज स्वास्थ्य उपलब्ध गराउन वडा कार्यालयमा शहरी स्वास्थ्यको उप-केन्द्र स्थापना गरि शहरी स्वास्थ्य केन्द्रमा कार्यरत कर्मचारी व्यवस्थापन गरि सेवा उपलब्ध गराउने व्यवस्था मिलाउने ।

निर्णय नं. ११ :- वडा नं. २५ को सुईखेत खोलामा चालु आ.व.मा प्रदेश सरकारबाट तटबन्ध निर्माण गर्ने योजना अघि बढेकोले घाट संचालन गर्दा उक्त योजना प्रभावित हुने भएकाले राजश्व परामर्श समितिको मिति २०७९/०८/२५ को निर्णय तथा सिफारिस अनुसार चालु आ.व. मा उक्त घाट संचालन नगर्ने ।

निर्णय नं. १२ :- वडा नं. १६ को श्री ज्ञानज्योती माध्यामिक विद्यालयको भवन निर्माण गर्न भारतीय दुतावासबाट आर्थिक सहयोग प्राप्त भएमा प्राप्त हुने रकमको २० प्रतिशत रकम महानगरपालिकाले लागत साझेदारी सुनिश्चित गर्ने निर्णय गरियो ।

निर्णय नं. १३ :- चालु आ.व. मा वडा नं. १९ मा ल्याण्डफिल प्रभावित एकमुष्ठ रु. ५ करोड बजेट वडा कार्यालयको सिफारिस अनुसार देहायको योजना तथा कार्यक्रममा बाँडफाँड स्वीकृत गर्ने र कार्यान्वयनको लागि वडामा जिम्मेवारी प्रदान गर्ने ।

| क्र.स | योजनाको तथा कार्यक्रमको नाम | रकम |
|---|---|---|
| १ | शुभकामना टोलको मगर समाज घर | रू. १०००००० |
| २ | गुरुङ समाज घर माटे | रू. ६००००० |
| ३ | चाउथे वहुउदेश्यीय समाज घर | रू. ६००००० |
| ४ | विरौटामा रहेको भवानी टोल समाजघर | रू. १०००००० |
| ५ | हवेलीमान्द्रे ढुगा सामुदायिक भवन | रू. ५००००० |
| ६ | मनकामना मिनिपार्क (भरत के.सि.को घर अगाडि ) | रू. ५००००० |
| ७ | शुभमार्गको गणेश मन्दिरमा ट्रस निर्माण | रू. ६००००० |
| ८ | गल्कोट समाजघर | रू. २००००० |
| ९ | जलेश्वर आमा समुह शौचालय | रू. ३००००० |
| १० | कैलाशटोलमा बाटो ढलान | रू. ५००००० |
| ११ | कैलाशटोलमा समाजघर निर्माण | रू. ३००००० |
| १२ | खाल्टे जाग्रितिमार्गको डाडा गाउबाटो२५० मि बाटो ढलान | रू. १२००००० |
| १३ | शुभमार्ग टोलको पोखरीमार्ग ६० मि बाटो ढलान | रू. ३००००० |
| १४ | जागृतिमार्ग सुमितको घर अगाडि १३० मि बाटो ढलान | रू. ६००००० |
| १५ | उपहार मार्गको पुर्व पश्चिम ४० मि .बाटो ढलान | रू. २००००० |
| १६ | हवेलीमार्गको एलनमार्ग २०० मि बाटो ढलान | रू. ८००००० |
| १७ | परिवर्तन टोल वि.पिमार्ग १३५ मि ढलान | रू. ६००००० |
| १८ | सप्तरंगी टोल, मार्गमा गमला तथा रंगरोगन | रू. ३००००० |
| १९ | बिशालनगर शिवमन्दिर ट्वाइलेट र नालामा तारजाली | रू. २००००० |
| २० | प्रतिभा टोलको बाटो ढलान करीब ३५० मि | रू. १५००००० |
| २१ | युनिटी टोलमा इन्डोर मैदान निर्माण | रू. ८००००० |
| २२ | सुर्यमुखि टोल गमलास्टेन्ट र रंगरोगन लगायत | रू. ३००००० |
| २३ | बेलचौतारा टोल विकास संस्थाको जस वहादुर गूरुङ र माधव भण्डारीको घर अगाडीको बाटो ढलान | रू. ६००००० |
| २४ | मेलमिलाप टोलको बाटो ढलान | रू. ७००००० |
| २५ | महाशिला मार्गगटर निर्माण | रू. २००००० |
| २६ | शिवशक्ति महिला समुहको भवन मर्मत | रू. ३००००० |
| २७ | नारी कल्याण आमा समुहको सामुदायिक भवन | रू. ३००००० |

| | | |
|---|---|---|
| २८ | समाज सुधार आमा समुह भर्याङ निर्माण | रू २००००० |
| २९ | डस्टविन खरिद तथा वितरण कार्यक्रम | रू ५००००० |
| ३० | कम्पोस्ट विनखरिद तथा वितरण कार्यकम | रू २००००० |
| ३१ | सेति दोभान समाजघर रंगरोगन) | रू २००००० |
| ३२ | सुर्योदय टोल -नविन टोल १८० मि ढलान | रू १०००००० |
| ३३ | सिर्जनसिल टोल -भवानी शंकर घर अगाडी ) १०० मि ढलान | रू ५००००० |
| ३४ | विरौटा चोक -प्रेम व.थापा कृष्ण थापा नाला निर्माण | रू १००००० |
| ३५ | सेतीदोभान टोलवाट घाट जाने सिंढी वाटो | रू २००००० |
| ३६ | विशाल मार्ग टोल काजीपोखरी वाटो ढलान १५० मि ढलान | रू ६००००० |
| ३७ | गैरीगाउ टोल ओरालो देखि फलक तिवारीको घर जानेबाटो | रू ३००००० |
| ३८ | गस्ति टोलमा समाज घर निर्माण नालानिर्माण | रू ४००००० |
| ३९ | सितल टोलको वाटो अस्थायी निर्माण | रू ५००००० |
| ४० | सिता ठकुरीको घर देखि वेलचौतारा जाने तल्लो वाटो | रू ४००००० |
| ४१ | शुभकामना टोल राधाको घरवाट पाटन विसिजाने वाटो ढलान | रू १०००००० |
| ४२ | मसिना रामचन्द्र सुवेदीको घरवाट तेज व.गुरुङको घर जानेवाटो | रू ४००००० |
| ४३ | मसिना पित्रीराज सापकोटाको घर देखि गितापौडेलको घर जानेवाटो | रू ३००००० |
| ४४ | विकास टोलको वाटो ढलान | रू ५००००० |
| ४५ | नविन टोल विकास संस्था २५० मि .वाटो ढलान | रू ११००००० |
| ४६ | सेतीदोभान टोल समाजघर निर्माण | रू ७००००० |
| ४७ | खाल्टे समाज घरको माथिल्लो तलाको आकाशे ढलान निर्माण | रू ९००००० |
| ४८ | भयरेश्वरी आधारभुत विद्यालय | रू ५००००० |
| ४९ | रामेश्वरी विद्यालय भौतिक पुर्वाधार | रू १०००००० |
| ५० | रामेश्वरी विद्यालय फर्निचर | रू १००००० |
| ५१ | मसिना आधारभुत विद्यालय | रू ४००००० |
| ५२ | सगरमाथा टोल र सैलुङ टोलको विचमा ढलान वाटो | रू ८००००० |
| ५३ | सुसेली आमा समुह भवनमा ट्रस | रू २००००० |
| ५४ | वि.पिमार्ग देखि कैलाशटोल जोडने सडकको(क्रीयापुत्रीभवनहुदै वाटो ग्रावेल | रू २००००० |
| ५५ | उपल्लो शान्तीटोलमा वाटो ढलान १५० मि योजना | रू ६००००० |
| ५६ | तल्लो शान्ती टोल ट्वाइलेट र रंगरोगन | रू ३००००० |

| | | |
|---|---|---|
| ५७ | रातोडाडा मसिना वसेलको घर पछाडीको साघुरो वाटोमा रेलिङ | रू ३००००० |
| ५८ | एयरपोर्ट अगाडि संस्कृति टोलमा | रू २००००० |
| ५९ | सैनितरा नालानिर्माण र समाजघर मर्मत | रू १००००० |
| ६० | कदममार्ग टोल विकास अन्तरगतको कल्भट र वाटो | रू ५००००० |
| ६१ | कदममार्ग टोल विकास अन्तरगतका वाटो ढलान | रू ६००००० |
| ६२ | पुर्णेश्वर मन्दिरमा ट्रस | रू ३००००० |
| ६३ | सगरमाथा टोलको गणेश मन्दिरमा छाना | रू २००००० |
| ६४ | रानीस्वारा टोल विकास संस्था वाटो ढलान | रू ५००००० |
| ६५ | स्वागतनगर टोल विकास संस्थामा सि.सि क्यामरा | रू ३००००० |
| ६६ | अनुपम टोलविकास संस्था समाजघर निर्माण | रू ८००००० |
| ६७ | प्रगतिटोल समाजघर निर्माण | रू ६००००० |
| ६८ | आनन्द टोल क्रियापुत्री भवन र तटवन्ध | रू ६००००० |
| ६९ | शैलुङ मार्गमा समाज घर मर्मतरु | रू ४००००० |
| ७० | वि.पिमार्ग देखि दक्षिण छिर्ने गान्धी सरको घर हुदै ३ कुने वाटो ढलान | रू ४००००० |
| ७१ | नवरत्न टोल रमेश ढुगांनाको घरदेखि पश्चिम ६५ मि. वाटो ढलान | रू ४००००० |
| ७२ | प्रगति टोलको शंकर पेपर जाने वाटो ढलान | रू ५००००० |
| ७३ | मसिनामाक्रियापुत्रीभवन | रू १००००० |
| ७४ | संस्कृतिमार्ग ख को वाटो ढलान | रू ८००००० |
| ७५ | विरौटाको राधाकृष्ण मन्दिर समाजघर मरमत | रू ७००००० |
| ७६ | इन्द्रमार्ग जेष्ठ नागरिकको विश्राम गृह र पर्खाल निर्माण | रू ५००००० |
| ७७ | साधना मार्ग मायावि.कको घर जाने वाटो ढलान | रू ५००००० |
| ७८ | शितलमार्ग वाटो ढलान | रू ३००००० |
| ७९ | दुर्गा भगवति टोलको पार्क निर्माण | रू ५००००० |
| ८० | समावेशी टोलमा वाटो रेलिङ | रू ५००००० |
| ८१ | मनोहर युवाक्लव भवन निर्माण | रू ७५०००० |
| ८२ | मेरो नेपाल युवाक्लव थप भवन निर्माण | रू ७००००० |
| ८३ | मसिना युवाक्लव मञ्च तथा खेल मैदाननिर्माण | रू ७५०००० |
| ८४ | काजीपोखरी युवाक्लव | रू २००००० |
| ८५ | जनएकता युवाक्लव | रू २००००० |
| ८६ | छिनेडाँडा युवाक्लव | रू २००००० |

| | | |
|---|---|---|
| ८७ | राधाकृष्ण युवाक्लव | रू २००००० |
| ८८ | परिवेश युवाक्लव | रू २००००० |
| ८९ | देउराली टोलको वाटो ढलान अन्दाजी १०० | रू ६००००० |
| ९० | सफलेश्वर मन्दिरमा जेष्ठ नागरिक वृश्राम गृह मरमत र पार्क निर्माण | रू ५००००० |
| ९१ | कालिका क्याम्पस मुनि घुम्तीमा क्रियापुत्री भवन | रू १००००० |
| ९२ | शुभकामना टोलको राजु के.सी को घर अगाडी स्याव | रू १००००० |
| ९३ | वौद्ध मार्गमा अधुरो वाटो ढलान तथा कल्भर्ट निर्माण | रू २००००० |
| ९४ | भानुभक्त मार्गमा नालामा स्ल्याव निर्माण तथा कण्ठेश्वर मन्दिरमा तारवार | रू ४००००० |
| ९५ | काजीपोखरी टोलको सहमतिमार्गमा १०० मि वाटो ढलान | रू ५००००० |
| ९६ | पोखरा मनपा १४ को मध्य वाटोमा रहेकापोल सार्ने काम | रू २००००० |
| ९७ | न्यु विकास टोलको रामशरण कार्कीको घर अगाडीको वाटो ढलान | रू ५००००० |
| ९८ | देवी देउराली वाराहि मन्दिरमा आरामकुर्सि तथा गटर विच्छाउन र पोखरेल मार्ग ट्यालिङ निर्माण | रू ४००००० |
| ९९ | समाज सुधार तथा महिला उत्थान समुहथपकोठा निर्माण | रू २००००० |
| १०० | मनकामना र देउराली टोलको विचमा सिमेन्ट पर्खाल निर्माण | रू २००००० |
| १०१ | मसिना समाज घरमा साउण्ड सिस्टम | रू २००००० |
| १०२ | देवी देउराली थान निर्माण | रू १००००० |
| १०३ | आर्मि प्लटमा शौचालय तथा प्रतिक्षालयरु | रू ४००००० |
| १०४ | ब्रम्हकुमारी ईश्वरीय विद्यालय विरौटाको अधुरो भवननिर्माण | रू ६००००० |
| १०५ | दिदीवहिनी समुह स्वागतनगर ट्रस निर्माण | रू २००००० |
| १०६ | शुभकामना टोलको अधुरो भवनतलाथप | रू ३००००० |
| १०७ | पोचोको तमु समाजट्रस निर्माण | रू ४००००० |
| १०८ | विशालनगर आमा समुह भवन निर्माण | रू ३००००० |
| १०९ | देउराली टोलमा कल्भर्ट | रू ६००००० |
| ११० | राधाकृष्ण टोल क्रियापुत्री भवनमा स्नान कक्ष | रू १००००० |
| | कुल बजेट जम्मा | रू ५००००००० |

**निर्णय नं. १४** :- पोखरा २५ मा पर्ने कि. नं. ४६ को सार्वजनिक जग्गा मध्येबाट गर्भे कुना क्षेत्रमा ०-५-०-० नेपाल खानेपानी संस्थानलाई बोरिङ्ग राख्न सहमती दिने ।

**निर्णय नं. १५:-** पोखरा १६ का निवेदक चित्रकुमारी मरहट्टाले कि. नं. ४१ मा घर बनाउन पेश गरेको नक्शाको सम्बन्धमा सडक मापदण्ड कायम गर्ने विषयमा अस्पष्ट भएको भन्ने विषयमा निजले पेश गरेको घरको नक्शाको पश्चिम मोहोडा बनाई निर्माण गर्न पेश भएकोमा प्राविधिकको राय अनुसार निजले पेश गरेको घर नक्शा व्यापारिक भवन भएकाले भवन संहिता, २०७२ बमोजिम सार्वजनिक जग्गाको किनाराबाट २ मिटर टपमा सेटब्याक छाडी निर्माण गर्न अनुमती दिने ।

**निर्णय नं. १६:-** पोखरा महानगरपालिका स्थानीय कर्मचारी ऐन, २०७६ बमोजिम मिति २०७८/१०/२५ को निर्णय अनुसार स्तर वृद्धि भएका कर्मचारीहरुको सम्बन्धमा सो स्तर बृद्धि गण्डकी प्रदेश सरकारले जारी गरेको **"स्थानीय सेवाको गठन, संचालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७९"** ले गरेको स्थानीय तहमा कार्यरत कर्मचारीको स्तर बृद्धि सम्बन्धी व्यवस्था सँग बाझिएको नदेखिएकाले महानगरपालिकाले स्तर बृद्धि गरेको विगतको निर्णयलाई गण्डकी प्रदेश सरकारले जारी गरेको स्थानीय सेवाको गठन, संचालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७९ बमोजिम नै भए सरह तहबृद्धि भएको मिति देखि नै ज्येष्ठता कायम हुने गरि मान्यता दिने ।

**निर्णय नं. १७ :-** नेपाल सरकार नवीकरणीय उर्जा अनुदान नीति बमोजिम पोखरा महानगरपालिकाको संघिय शशर्त कार्यक्रम अन्तर्गत नविकरणीय उर्जा प्रविधि जडान ( बायोग्याँस/ विधुतीय चुल्हो/ सुधरिएको चुल्हो/ सौर्य उर्जा) कार्यक्रम संचालन गर्न स्थानीय तहको कार्यक्रम संचलन गर्न मिति २०७५।१०।२७ मा प्राप्त मार्गदर्शन अनुसार नेपाल सरकारबाट प्राप्त अनुदान प्राप्त प्रविधिमा स्थानीय तहले पहिचान गरेका उपभोक्ता, समुदायको लागि संघ, प्रदेश र स्थानीय तहको कुल अनुदानमा कम्तिमा १० प्रतिशत उपभोक्ता वा समुदायको सहभागिता सुनिश्चित गर्ने भएकाले गोबर ग्याँस निर्माणको लागि प्राप्त आवेदनको तथा सम्बन्धित वडाको काम सम्पन्नताको सिफारिसको आधारमा तपसिल बमोजिम अनुदान उपलब्ध गराउने ।

| सी न | घन मि | महानगरले दिने अनुदान रकम रु |
|---|---|---|
| १ | ४ | २३००० |
| २ | ६ | २३००० |
| ३ | ८ | २८००० |

शहरमा निस्कने कुहिने फोहर व्यवस्थापन गर्नको लागि शहरी बायोग्याँस तथा कम्पोष्ट मलको लागि प्राप्त आवेदनको तथा सम्बन्धित वडाको काम सम्पन्नताको सिफारिसको आधारमा १.५ क्युविक मिटर क्षमताको लागि प्रति सेट बढीमा रु. २०,०००।- अनुदान दिन सकिने ।

**निर्णय नं. १८:-** पोखरामा दुग्ध विकास संस्थानले पोखरामा दुग्ध संकलन प्रशोधन तथा बिक्री वितरण गर्ने उद्योग स्थापना गर्न जग्गा आबश्यक भएकोले उपयुक्त जग्गा प्राप्त गर्न सहजीकरणको लागि लेखि आएको हुँदा उक्त कम्पनीको लागि उपलब्ध गराउन मिल्ने सार्वजनिक, पर्ती वा नीजि जग्गा भएमा सिफारिस गरि पठाउन सबै वडा कार्यालयहरुलाई पत्राचार गर्ने ।

निर्णय नं. १९:- पोखरा महानगरपालिका क्षेत्रभित्रबाट संकलन हुने फोहोर व्यव्सथापन गर्न पहिचान भएका सम्भावित स्थानहरु आधुनिक फोहोर व्यवस्थापन स्थल निर्माण गर्न आवश्यक पर्ने वातावरणिय प्रभाव मुल्यांकन EIA गर्न प्रक्रिया अघि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

निर्णय नं. २०:- पोखरा महानगरपालिकाको भवन नियमित तथा अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०७६ अनुसार नक्शा पास नभएका भवनको नियमानुसार नियमित/अभिलेखिकरणको लागि निबेदन दिन ९० दिनको म्याद दिई मिति २०७९/०६/०२ सूचना प्रकाशन गरिएकोमा उल्लिखित अवधि पश्चात थप ३५ दिन म्याद थप गर्ने र सो को सूचना प्रकाशन गर्ने ।

निर्णय नं. २१:- पोखरेली साँस्कृतिको धरोहर प्रत्येक ६ वर्षमा प्रदर्शन हुने भैरव जात्रालाई संबर्धन र प्रवर्धन गर्न महानगरपालिकाबाट के गर्न सकिन्छ सो सम्बन्धमा सुझाव पेश गर्न देहाय बमोजिम कार्यदल गठन गर्ने ।

| | |
|---|---|
| वडा नं. २ का वडाध्यक्ष श्री दिवसमान प्रधानांगको - | संयोजक |
| वडाध्यक्ष वडा नं. १, २, ३, ४, ८, ९, र ११ - | सदस्य |
| शिक्षा महाशाखा प्रमुख - | सदस्य सचिव |

निर्णय नं. २२:- पोखरा महानगरपालिकाबाट फोहेर व्यवस्थापन गरिरहेको वडा नं. १४ को हालको लेण्डफिल अन्तर्राष्ट्रिय क्षेत्रीय विमानस्थलको कारण बन्द गरि अर्को स्थानमा लैण्डफिल बनाउन आवश्यक भएकाले सो को लागि उपयुक्त जग्गा खोजी सिफारिस गर्न देहाय बमोजिम कार्यदल गठन गर्ने ।

| | |
|---|---|
| वडा नं. ३३ का वडा अध्यक्ष श्री रामचन्द्र अधिकारी - | संयोजक |
| वडा अध्यक्ष वडा नं. २, ७, १७, २१, २२, ३२ र ३३ - | सदस्य |
| सहायक प्रमुख प्रशासकीय अधिकृत श्री जीतेन्द्र जंग के.सि.- | सदस्य सचिव |

निर्णय नं. २३:- पोखरा महानगरपालिका उर्जा विकास सम्बन्धी निर्देशिका , २०७५ को दफा ६ मा उल्लेखित वाक्यांशको अन्तमा निम्न बमोजिमको प्रतिबन्धात्मक वाक्यांश थप गर्ने ।

" यस दफामा जेसुकै लेखिएको भएता पनि कुनै प्राकृतिक प्रकोप, महामारी, आर्थिक विश्रृंखलता वा अन्य विशेष अवस्था परि एकवर्ष भित्र निर्माण कार्य शुरु हुन नसकेको कुरा कार्यपालिकाले महशुस गरेमा **कार्यपालिकाको निर्णयबाट अनुमती पत्र लिएको मिति देखि चार वर्ष भित्र काम शुरु गर्ने गरि अनुमती पत्रको म्याद थप गर्न सकिनेछ ।"**

निर्णय नं. २४:- वडा नं. ६ मा अवस्थित कोमागाने पार्कमा विभिन्न मुर्ती स्थापना गर्न सहमतीको लागि पोखरेली संस्कृति विद श्री तिर्थ श्रेष्ठबाट पेश भएको प्रस्ताव अनुसार विभिन्न मुर्ती स्थापना गर्न सहमती प्रदान गर्ने ।

निर्णय नं. २५ :- हालको लैण्डफिल साईटबाट कवाडी संकलन गरि निकासी गर्न विश्वास कन्स्ट्रक्सन प्रा.लि. र महानगरपालिकाका विच भएको ठेक्का सम्झौताको म्याद मिति २०७९ पौष २ गते समाप्त भएको र अन्तर्राष्ट्रिय क्षेत्रीय विमानस्थलका कारण उक्त लेण्डफिल अन्यत्र स्थानान्तरण गर्न अवश्यक भएकोले तत्काल ठेक्का लगाउन लेण्डफिल साईटको स्थान छनौट र फोहोर व्यवस्थापन शुरु भई नसकेकाले राजश्व परामर्श समितिको मिति २०७९/०८/२५ गतेको निर्णय तथा सिफारिस अनुसार साविक ठेक्का स्वीकृत भएको रकममा १० प्रतिशत रकम थप गरि अर्को लेण्डफिल साईटको व्यवस्था नभए सम्म सोही कम्पनीलाई अग्रीम भुक्तानी लिई मासिक रुपमा म्याद थप गर्ने ।

निर्णय नं. २६:-. पोखरा महानगरपालिका वडा नं १३ र वडा नं. २६ को मिति २०७९ च.नं. क्रमश: ४५१६ र २०२३ को पत्रानुसार , वडा नं.१३ र वडा नं. २६ जोड्ने साझा झौरीखेत झोलुङ्गे पुलको नजिकै हाले भौतिक पूर्वाधार विकास कार्यालय गण्डकी प्रदेशबाट मोटरेवल पुल निर्माण सम्पन्न भएकोले , उक्त झोलुङ्गे पुल हटाउनको लागि माग भएकोले , उक्त झोलुङ्गेपुल हटाउन स्वीकृती दिने र उक्त झोलुङ्गेपुल हटाउन लाग्ने खर्च सहित महानगरपालिका बाट व्यहोर्ने, र उक्त पुलको सामानहरु Nepal trail bridge support unit सहयोगमा सम्वन्धित निकायमा हस्तान्तरण गर्ने ।

निर्णय नं. २७:- हाल आय ठेक्का स्वीकृति भई सम्झौताको प्रकृयामा रहेका वडा नं. २७ स्थित मोरेखहरे घाट ठेक्का संचालन सम्वन्धमा वडा नं. २७ को घाट संचालन नगर्ने सम्वन्धी पत्र र स्थानीय अवस्थालाई समेत मध्ये नजर गर्दा उक्त घाट संचानल हुन नसक्ने देखिएको भन्ने राजश्व परामर्श समितिको मिति २०७९/०८/२५ को सिफारिस निर्णय अनुसार ठेक्का प्रक्रिया रद्द गर्ने ।

निर्णय नं. २८:- यस महानगरपालिका वडा नं. ३३ स्थित तल्लो खेतघाटको ठेक्का सम्झौता प्रक्रिया अघि बढेको अवस्थामा स्थानीय केही मानिसहरुबाट विवाद सृजना गरेको भएता पनि वडा कार्यालयबाट सहजीकरण गर्ने गरि सम्झौता प्रक्रिया अघि बढाउने ।

निर्णय नं. २९ :- पोखरा २५ स्थित सुइखेत घाटको आय ठेक्का संचालनको लागि मिति २०७९/०६/१२ मा सूचना प्रकाशन भएकोमा उक्त घाटको ठेक्काको लागि कुनै बोलपत्र पेश नभएको एवं वडा नं. २५ को कार्यालयको च.नं. १३८३ मिति २०७९/०७/०२ को पत्रानुसार प्रदेश सरकार जलस्रोत तथा सिंचाई डिभिजन कार्यालय पोखरा बाट उक्त खोला नियन्त्रणको लागि योजना कार्यान्वयन गर्न टेण्डर आव्हान समेत भइसकेकाले सो ठेक्कामा लगाउदा प्रदेश सरकारको योजनालाई असर पर्ने देखिएकोले राजश्व परामर्श समितिको मिति २०७९/०८/२५ को सिफारिस निर्णय अनुसार चालु आ.व. मा उक्त घाटको पुन: ठेक्का अघि नबढाउने ।

निर्णय नं. ३० :- पोखरा महानगरपालिका १८ स्थित सराङकोट भ्यू टावरमा पर्यटक प्रवेश शुल्क संकलन ठेक्काको म्याद मिति २०७९/०९/२६ मा समाप्त हुने भएकोले राजश्व परामर्श समितिको मिति २०७९/०८/२५ को सिफारिस निर्णय अनुसार साविकमा सम्झौता भएको अंक रकम रु. ३१६९३३३/- कर बाहेक १० प्रतिशतले वृद्धि गरी कर बाहेक रु. ३४८७०००/ चौतिस लाख सतासी हजार रुपैयाँ न्युनतम ठेक अंक कायम गरी नयाँ ठेक्का प्रक्रिया अघि बढाउने ।

निर्णय नं. ३१ :- वडा नं. १८ स्थित राष्ट्रिय विभूति पार्कमा पर्यटक प्रवेश शुल्क संकलन ठेक्काको म्याद मिति २०७९/१०/२५ गतेबाट समाप्त हुने भएकाले राजश्व परामर्श समितिको मिति २०७९/०८/२५ को सिफारीस निर्णय अनुसार साविकमा सम्झौता भएको अंक रकम रु. १०,०००००/- दश लाख रुपैया (कर वाहेक) मा १० प्रतिशतले वृद्धि गरी कर बाहेक रु.११,००,०००/- (एघार लाख) न्युनतम अंक कायम गरि नयाँ ठेक्का प्रक्रिया अघि बढाउने ।

निर्णय नं. ३२ :- पोखरा महानगरपालिका वडा नं १८ मा नेपाल सरकारको नाउँमा साविक पदेली गा.पा. वडा नं. १ हाल पोखरा महानगरपालिका वडा नं. १८ मा रहेको कि.नं. १ क्षेत्रफल २२-२-१-० मध्ये क्षेत्रफल ७-०-०-० को जग्गा, साविक पदेली गा.वि.स. वडा नं. ४ हाल पोखरा महानगरपालिका वडा नं. १८, कि.नं. ३८८ क्षेत्रफल १-१-०-१, कि.नं. ३९८ क्षेत्रफल २-१४-१-३, कि.नं. २६६ क्षेत्रफल १०-०-०-० र कि.नं. ५५८ क्षेत्रफल ३७-१२-३-३ मध्ये शिव मन्दिर देखि पश्चिम, उत्तर र दक्षिणतर्फको १५-०-०-० गरि जम्मा ३५-१५-२-० जग्गा १८ नं. वडा कार्यालयको च.नं. १२६३, मिति २०७९/०८/०७ गतेको पत्रबाट उक्त जग्गा विपद् व्यवस्थापन प्रयोजनको लागि नछुट्याएको र सार्वजनिक आवागमनमा असर नपर्ने तथा सराङकोट टावर क्षेत्रको जग्गा कटाई सराङकोट धार्मिक एवं पर्यटन क्षेत्र विकास समितिलाई ३० वर्षको लागि लिजाधिकार उपलब्ध गराउन सिफारिस भई आएकोले सो बमोजिम लिजाधिकार उपलब्ध गराउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा सिफारिस गर्ने ।

निर्णय नं. ३३ :- "घ"वर्गको निर्माण व्यवसायी ईजाजतपत्र दिलाई पाउँ भनी प्राप्त भएका निवेदनहरु उपर छानविन गर्दा तपशिलमा उल्लेखित फर्म/कम्पनीहरुले ("घ"वर्गको ईजाजत पत्र प्रदान सम्बन्धी कार्यविधि, २०७५-अनुसूची-५) छानविन समितिको मिति २०७९।०८।१८ को बैठकबाट सिफारिस भै आएका देहाय बमोजिमका फर्म/कम्पनीहरुलाई "घ"वर्गको निर्माण व्यवसायी ईजाजतपत्र प्रदान गर्ने ।

१. अर्घौं कालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स, पोखरा-२७
२. बि.जि. बिल्डर्स प्रा.लि., पोखरा-१५
३. गाउँ शहर निर्माण सेवा, पोखरा- ३०
४. व्हिलव्यारो डेभलपर्स प्रा.लि., पोखरा- १३
५. टेकोन कन्स्ट्रक्शन म्यानेजमेन्ट प्रा.लि , पोखरा –१४

निर्णय नं. ३४ :- आठौं कार्यपालिका बैठकको निर्णयबाट वडा नं. ९, महेन्द्रपुलको दक्षिण तर्फको साविक ोरखापत्र बाजेको पसल भएको स्थानमा अन्तर्राष्ट्रिय झण्डा पार्क निर्माण गर्ने निर्णय भएकोमा सो कार्य लायन्स लव ईण्टरनेशनल, मल्टिपल डिस्ट्रिक ३२५ अन्तर्गतका डिष्ट्रिक I, J, K, L, M लाई नियमानुसार सम्झौता था निर्माण पश्चात महानगरपालिकालाई हस्तान्तरण गर्ने गरी अनुमती दिने निर्णय गर्यो